**Volume 11, Issue 01, 2026. pp. 51–61**
Research Article



# तनहुँका मगर समाजमा प्रचलित मृत्यु संस्कार र लैङ्गिक भूमिका

**यामबहादुर पुन**, **गंगा थापा (खासु)**
अभियन्ता तथा अनुसन्धानकर्ता

**लेखसार**

मृत्यु मानव समाजले अभ्यास गर्ने अन्तिम संस्कार हो, जसले जैविक घटनाभन्दा पर सामाजिक, सांस्कृतिक र भावनात्मक अनुभूतिको सामूहिक अभिव्यक्ति प्रस्तुत गर्दछ । प्रत्येक समुदायले आफ्ना मूल्य मान्यता, विश्वास र परम्पराअनुसार फरक विधिबाट मृत्यु संस्कार सम्पन्न गर्ने चलन अपनाएको पाइन्छ। सामाजिक जीवनका अन्य क्षेत्रझैँ मृत्यु संस्कारमा पनि लैङ्गिक भूमिका सामाजिक निर्माणको परिणाम हो। यस लेखमा तनहुँ जिल्लाको नयाँगाउँमा बसोबास गर्ने मगर समुदायले अभ्यास गर्ने मृत्यु संस्कार र त्यसमा विद्यमान लैङ्गिक भूमिकाको विश्लेषण गरिएको छ। मगर समुदायमा महिला र पुरुषको मृत्यु हुँदा संस्कार सम्पन्न गर्ने विधि तथा जिम्मेवारीमा लैङ्गिक अभ्यास कसरी फरक देखिन्छ भन्ने विषयमा विमर्श गरिएको छ। लैङ्गिकता सामाजिक निर्माण हो भन्ने अवधारणालाई आधार मानी गुणात्मक अनुसन्धान विधि अपनाइएको छ। प्रत्यक्ष अन्तर्वार्ता, समूह छलफल तथा द्वितीय स्रोत सामग्रीमार्फत तथ्य सङ्कलन गरिएको छ। अध्ययनको निष्कर्षअनुसार नयाँगाउँका मगर समुदायमा मृत्यु संस्कारमा पुरुषको भूमिका मुख्य र महिलाको सहायक देखिन्छ, तर छोरीको सहभागिताविना संस्कारले सामाजिक–सांस्कृतिक वैधता प्राप्त गर्न सक्दैन।

*मुख्य शब्दावली* : पुरुष, भूमिका, महिला, मृत्यू, लैङ्गिक, संस्कार

***Corresponding Author***
Yam Bahadur Pun

***Article History***
Received: 2025 October 10
Accepted: 2026 January 02

***Email***
punmagaryam@gmail.com

***Cite***
Pun, Y. B., & Thapa, G. (2026). तनहुँका मगर समाजमा प्रचलित मृत्यू संस्कार र लैङ्गिक भूमिका. *Shodhmala (शोधमाला), 11*(1), 51–61.

## विषय परिचय

मृत्यु सधैँका लागि सबैसँग भौतिक रूपमा विछोडिने अन्तिम घटना हो । कहिलेदेखि मानव समाजले मृत्युको संस्कार सुरु गऱ्यो भन्ने विषयको निर्क्योल छैन। बेल (सन्, १९९७) का तर्कअनुसार मानवले सिकारी समूह युगको प्रारम्भिक चरण र ट्राइवल समुदायहरूले संस्कार क्रियाकलाप गरेका केही मात्रामा भएपनि सूचना उपलब्ध भएका छन्। प्रागैतिहासिक कालमा सुरु गरेको भएतापनि हरेक समुदायले आफ्नै प्रकारका मृत्यु संस्कारलाई अविछिन्न रूपमा अभ्यास गर्दै आएका छन् । एक समुदायको संस्कार अर्को समुदायका लागि अनौठो लाग्छ। मगर समुदायमा आफ्नै प्रकारको मृत्यु संस्कार अभ्यासमा छ । भौतिकवाद्मा विश्वास गर्ने परिवार वा व्यक्तिले पनि मृत्यु संस्कारलाई कुनै न कुनै तरिकाले अङ्गालेको पाइन्छ। मृत्यु संस्कार वृहत संस्कृतिभित्रको एक अभिन्न अंश हो। धार्मिक आस्था भन्दा संस्कारहरू जेठो हुन् । कालान्तरमा संस्कारहरू लिखित धर्म ग्रन्थहरूले निर्देशित गर्दै आए। मुलतः आदिवासीहरूको संस्कार विधि मौखिक रूपमा पुस्तौँपुस्ता हस्तान्तरण हुँदै आए।


Copyright©2026: Magar Studies Center

प्राचीन कालदेखि नै मगर समुदायको बाक्लो बस्ती भएको जिल्ला मध्य तनहुँ पनि हो, जसलाई बाह्रमागराँत पनि भनिन्छ । यसलाई मौलिक नाम 'तनहाँङ' भनेको पनि पाइन्छ, जुन मगर भाषासँग सम्बन्धित छ । राष्ट्रिय तथ्याङ्क कार्यालय (सन् २०२१) अनुसार तनहुँ जिल्लाको कुल जनसङ्ख्या ३,२१,१५३ छ, जसमध्ये मगर समुदायको जनसङ्ख्या ८३,६३९ छ । जिल्लाको पहिलो स्थानमा मगर समुदायको सङ्ख्या देखिन्छ । मातृभाषा मगर ढुँट बोल्नेको सङ्ख्या ६३,२४१ उल्लेख छ। यहाँका मगरहरूले विभिन्न प्रकारका मौलिक संस्कृतिहरू, धार्मिका आस्था, विश्वासहरूको अभ्यास गर्दै आएका छन् । जन्मदेखि मृत्युसम्मका संस्कारहरू गर्दै आएका छन्।

आम सामाजिक जीवनमा जस्तै मृत्यु संस्कार प्रक्रियाहरूमा पनि पुरुष र महिलाले गर्नुपर्ने कार्यभारहरू जैविक नभै सामाजिक निर्माण हुन् । लैङ्गिक भूमिका विभिन्न तरिकाले अभिव्यक्त भएका हुन्छन् जस्तै, पारिवारिक तहमा, आर्थिक क्षेत्रमा र सामाजिक कार्यहरूको रूपमा (व्ल्याकस्टोन, सन् २००३) । जस्तै कतिपय समुदायमा मृतकको मलामी महिलाहरू जानु हुँदैन भन्ने विश्वास छ । समुदायले स्वीकृत गरेको संस्कृतिक मान्यताअनुसार फरक–फरक लैङ्गिक भूमिका निभाएको पाइन्छ । संस्कार धार्मिक ग्रन्थ र आस्थाअनुसार पनि निर्देशित हुन्छन् । जस्तै, क्रिया पुत्री पनि छोरानै बस्नुपर्छ, हुनुपर्छ भन्ने सामाजिक विश्वास धर्मबाट प्रेरित छ। धार्मिक कुरा भएकाले त्यसमाथि प्रश्न उठाउनु हुँदैन भन्ने सामाजिक मान्यताले पनि असमान लैङ्गिक भूमिकालाई टेवा दिइरहेको हुन्छ।

## अनुसन्धानको उद्देश्य

तनहुँका मगर समुदायको मृत्यु संस्कारमा महिला र पुरुषको भूमिका तथा लैङ्गिक समानता, असमानता अभ्यासको अध्ययन गर्नु यस अनुसन्धनको उद्देश्य रहेकोछ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन तनहुँ जिल्लाको व्याँस नगरपालिकामा सम्पन्न गरिएको हो । अध्ययनका लागि व्याँस नगरपालिका वडा नं. १४ मा अवस्थित नयाँगाउँको माफ्फटार नामक मगर बस्ती उद्देश्यपूर्ण नमूना विधि मार्फत चयन गरिएको थियो । उक्त बस्तीमा मगर समुदायको घनत्व उच्च हुनुका साथै परम्परागत सांस्कृतिक अभ्यासहरू अझै संरक्षणमा रहेको पूर्वसूचनाका आधारमा यस क्षेत्रलाई अध्ययन स्थलका रूपमा छनोट गरिएको हो । व्याँस नगरपालिका (२०७५) को तथ्याङ्कअनुसार यस वडाको कुल जनसंख्या ३,९९३ मध्ये २,८०६ जना मगर समुदायका रहेका छन् । यस अध्ययनमा गुणात्मक अनुसन्धान विधि अवलम्बन गरिएको छ। प्राथमिक तथ्य सङ्कलनका लागि मुख्य जानकार व्यक्तिसँग व्यक्तिगत अन्तर्वार्ता तथा महिला र पुरुषको समान सहभागिता सुनिश्चित गरी समूह छलफल सञ्चालन गरिएको थियो । परम्परागत मृत्यु संस्कारको अध्ययनका लागि प्रत्यक्ष अवलोकन विधि उपयुक्त भए तापनि व्यावहारिक कारणवश प्रत्यक्ष अवलोकन सम्भव हुन नसक्नु यस अध्ययनको विधिगत सीमा रहेको छ। साथै, हिन्दुकरणको बढ्दो प्रभावका कारण मगर समुदायका मौलिक मृत्यु संस्कारसम्बन्धी तथ्य सङ्कलन चुनौतीपूर्ण रहेको छ।

### मृत्यु संस्कारको समयसीमा

मृत्यु संस्कार कति दिनमा गर्ने भन्ने बारे मगर समुदायमा विविधता छ। कतिपय ठाउँमा एकदिन, तीन दिन, १३ दिनमा अन्त्य गर्ने चलन छ। १३ दिने अवधारणा हिन्दु धर्ममा पाइन्छ। मगरहरू विभिन्न धार्मिक आस्थामा विभाजित भएकाले मृत्यु संस्कारको अवधि पनि फरक फरक छ। रोल्पा, रुकुम र पश्चिम बागलुङका मगरहरूले प्रायः तीन दिनमा शुद्धिकरण गर्ने गर्दछन् (श्रीस, २०६७)। नयाँ गाउँका मगरहरूको पनि १३ दिनमा अन्तिम संस्कार गर्ने चलन देखिन्छ। कति दिनमा किरिया गर्नुहुन्छ भन्ने प्रश्नमा उत्तरदाताहरूको भनाइ थियो :

> हामी दोमासेलाई मुख्य ध्यान दिएर मृत्यु संस्कारको दिन तय गर्छौं । विशेषगरि मृत्युको दिन र चोखिने दिन फरक महिना हुँदा त्यसलाई दोमासे भयो भन्छौं । उक्त बेला १२ दिन वा एघार दिनमा चोखिने काम हुन्छ। दोमासे भयो भने लाससँगै एउटा

चल्ला पनि सँगै लगेर दोबाटोमा काट्छौँ। मृत्यु हुने मान्छेको अन्तिम संस्कार १२ दिनमा चोख्याउछौँ। यदि बच्चा हो भने ५ दिनमा नै चोख्याउने काम गर्छौं (नयाँगाउँका मगरहरूसँगको समूह छलफलमा आधारित, मिति २०८२ जेष्ठ ६ गते)।

दोमासे हुन नदिन छोटो समयमा संस्कार गर्नुपर्ने भन्ने मान्यता पनि देखिन्छ। मृत्यु संस्कारको समयसीमामा लैङ्गिक रूपमा समान अभ्यास र बुझाई देखिन्छ भने उमेरगत असमान अभ्यास देखिन्छ। लैङ्गिक भूमिका सामाजिक निर्माण हो भन्ने सैद्धान्तिक अवधारणलाई प्रस्थान विन्दु मानेर लेखको अबको खण्डहरूमा मगर समुदायको मृत्यु संस्कारको खास खास प्रक्रियामा महिला र पुरुषको भूमिका बारे विश्लेषण गरिएको छ।

**मृत्यु संस्कारमा लैङ्गिक भूमिका**

अंग्रेजी शब्द sex र gender लाई नेपालीमा लिङ्ग र लैङ्गिक अर्थ लगाएको पाइन्छ। sex को अर्थ जैविक पहिचानसँग हुन्छ जस्तै महिला र पुरुष । लैङ्गिक (gender) लाई महिला र पुरुषले समाजमा निभाउनु पर्ने भूमिका भनेर अर्थ्याएको पाइन्छ जुन समाजले विभिन्न कालखण्डमा निर्माण गरेको हो। कतै कतै gender लाई सामाजिक लिङ्ग पनि भनेको पाइन्छ। मस्तानि (सन् २०२२) अनुसार "लैङ्गिक अवधारण साँस्कृतिक रूपले निर्धारित महिला र पुरुषको भूमिका र जिम्मेवारी हो जो विभिन्न संस्कृति अनुसार फरक हुन्छ" (पृ. ५०)।

जैविक प्राप्तिबाहेक पुरुष वा महिला भएकै कारण परिवार, समुदाय र वृहत समाजमा निभाउनुपर्ने भूमिकालाई, जो सामाजिक निर्माण हो, लैङ्गिक वा सामाजिक लिङ्ग (gender) को रूपमा परिभाषित गरिएको छ। बच्चा जन्माउनु र दुध चुसाउनु जैविक हो भने लालन पालन गर्ने जिम्मा पनि महिलाको हो भन्ने ठान्नु समाज निर्मित लैङ्गिक भूमिका हो। विनचेस्टर (सन् २०१५) अनुसार जैविक लिङ्ग भिन्नताको आधारमा व्यक्तिलाई सामाजिक रूपमा दिएको वा बनाएको भूमिका हो र यो समय र स्थानअनुसार फरक हुन्छ।

लैङ्गिक भूमिका पारिवारिक, सामाजिक, शैक्षिक र साँस्कृतिक तहमा सिकाइन्छ र यसलाई आमसञ्चार माध्यमबाट थप बल पुर्‍याइन्छ। लैङ्गिक भूमिकाको अर्थ व्यक्ति, समूह, समुदाय, समाजले महिला र पुरुषलाई दिएको निश्चित गुण, अवस्था, मुल्य जो एकै समुदायमा पनि समयको अन्तरालमा फेरिइरहन्छ (व्ल्याकस्टोन, सन् २००३)। एकैनाशको लैङ्गिक भूमिकाको अभ्यास स्थायी, सर्वकालिन र सबैतिर एकै प्रकारका पनि हुँदैन । आर्थिक, सामाजिक सम्बन्ध, राजनीतिक, शैक्षिकस्तर परिवर्तत हुँदा लैङ्गिक भूमिका पनि परिवर्तित हुँदै आएका पनि छन्। संस्कृतिहरू फेरवदलसँगै लैङ्गिक भूमिका पनि परिवर्तन हुँदै आए।

लैङ्गिक अवधारण मानव आविष्कार हो र सिकेको हो। त्यसकारण यो परिवर्तन हुन्छ (मस्तानि, सन् २०२२) । समाजले निर्धारण गरेको महिला र पुरुषको भूमिका कति मात्रामा बद्लाब भयो भन्ने लेखाजोखा हुँदै आएका पनि छन् । संस्कृतिहरूको खास खास गुदीहरू भने निरन्तरता पाएका हुन्छन्। जस्तै मगरहरूले माघेसंक्रातिमा छोरीहरूलाई माइतीले बोलाउने चलन परिवर्तन हुँदैन । मृत्यु संस्कार निरन्तर रहिरहन्छ तर यसको अभ्यास भने फेरिन्छन्। जस्तै एक परिवारले धार्मिक आस्था परिवर्तन गर्दा मृत्यु संस्कार गर्छ तर फरक तरिकाले । मृत्यु संस्कारमा पनि लैङ्गिक भूमिका चिरस्थायी होइनन् र खास खास भूमिका भने निरन्तर रहन सक्छन् जसलाई समुदायले महत्त्वपूर्ण ठानेको हुन्छ। मृत्यु संस्कारमा लैङ्गिक भूमिका हुन्छ, रहिरहन्छ र त्यो तरल हुन्छ भन्ने तर्क पनि उत्तिकै अकाट्य छन्। अवको उपशीर्षकहरूमा नयाँ गाउँका मगरहरूले अभ्यास गर्दै आएको मृत्यु संस्कारमा लैङ्गिक भूमिका बारे चर्चा गरिएको छ।

**जैविक मृत्युपछि**

मानवशास्त्रीहरूले मृत्युलाई दुई प्रकारले हेर्दछन्—जैविक मृत्यु र सामाजिक मृत्यु । जैविक मृत्यु भएपश्चात् सुरुदेखि अन्तिम संस्कार सकिएपछि सामाजिक मृत्यु हुन्छ र मृतकले सामाजिक वैद्यता पाउछ । व्यक्तिको जैविक मृत्यु भए लगत्तै नयाँ गाउँका

मगरहरूले के गर्दछन् ? मृत्यु भएपश्चात लैङ्गिक भूमिकाके के हुन्छ भन्ने विषयमा व्यक्तिगत अन्तर्वार्ता र समूह छलफल गरिएको थियो। अन्तर्वार्तामा उत्तरदाताले यसरी वर्णन गरेका थिए :

> मानिसको मृत्यु भए पछि लासलाई बाहिर आँगनमा राख्छौं। गाउँका मानिस, गुठिका दाजुभाइहरू जम्मा हुने काम हुन्छ। हामी यहाँ ६५ घरधुरी छौं। हाम्रो मुखिया मार्फत सबैलाई जानकारी गरिने चलन थियो तर अहिले फोन मार्फत सबैलाई जानकारी दिइन्छ। विशेषगरि दाजुभाइ र कुटुम्ब नभै हुँदैन । सबै भेला भएपछि लास घाटमा लैजानका लागि तयारी गरिन्छ (नयाँ गाउँको कट्वाल डोल बहादुर थापा (वर्ष ७५) सँगको अन्तर्वार्तामा आधारित, मिति २०८२ जेष्ठ ५ गते)।

मृतकको घरमा भेला गराउने काम एक समयमा मुखियाको जिम्मामा थियो भन्ने यो सूचनाबाट थाहा लाग्छ । त्यसो भए मुखिया को हुने परम्परा थियो ? निसन्देह पुरुष मुखिया हुने सामाजिक र राजनीतिक परम्परा थियो । आदिवासीहरूमा मुखिया (tribal chief) परम्परा हुने गर्दथ्यो। राज्यले यसलाई राजनीतिक संरचनामा पनि बदलिदियो। नयाँ गाउँमा पनि मुखियाको भूमिका पछिसम्म थियो भन्ने तथ्य थाहा लाग्छ। आधुनिक सञ्चार प्रविधिले मुखियाको भूमिकालाई विस्थापित गरिदियो। प्रविधि हातमा भएपछि खवर गर्ने काम महिला वा पुरुष दुबैले आफ्नो अनुकूल गर्ने भए। यद्यपि पुरुष कुटुम्बको भूमिका भने निरन्तरता पाएको देखिन्छ। मृत्यु भए लगतै लैङ्गिक भूमिका बारे उत्तरदाताको मिहिन भनाइ यस्तो थियो :

> पुरुषहरूले बाँसको खट बनाँउछन । लासबाहिर राखिसकेपछि छोरीले कुचो लगाउँदै बाहिर जान्छन् । पुरुषहरू बाँस काटेर घारा बनाउने कार्य गर्दछन र महिलाहरू फुलमाला उन्ने सिम्रिक र धजा ल्याउने कार्य गर्दछन । यसैगरि धान, मकै, गहु, तिल, मास (सिवात) बनाउने कार्य महिलाहरूले गर्दछन् । महिलाहरू जम्मा भएर अलछिन जगाउने भनी चोखिने दिनका लागि नभै नहुने जाँड बनाउनका लागि मकै खोल्साउने, दाउरा जम्मा गर्ने तिर लाग्छन । लास घाट लैजाने दिनमा नै पितृलाई चढाउन र मलामीका लागि जाँड अनिवार्य चाहिने हुँदा थोरैमा दुई तिन मुरीको जाँड बनाउने कार्यमा व्यस्त हुन्छन् (गौमति थापा मगर (वर्ष ६५) सँगको अन्तर्वार्तामा आधारित, मिति २०८२ जेष्ठ ६ गते)।

मृत्यु संस्कार सामूहिक कार्य हो । पुरुषहरूको भूमिका घरबाहिर र महिलाको भूमिका घरभित्र बढी भएको उत्तरदाताको भनाइबाट थाहा लाग्छ। पुरुषहरूले बाँसको काम र महिलाहरूले फुलमाला, अन्न, जाँड बनाउने भूमिका खेलोको पाइन्छ । मगर समुदायमा परम्परादेखिनै महिलाले जाँड, रक्सी बनाउने चलन छ र संस्कारहरूमा घरेलु रक्सी, जाँड अनिवार्य हुन्छ। व्यक्तिको मृत्यु हुँदा दिनदेखि नै यसको प्रयोग गर्ने चलन छ। जाँड, रक्सी पारिवारिक नगद आयश्रोतको माध्यम पनि हो।

### घाटसम्म लैजाने

संसारभरका समुदायहरूले मृतकलाई जलाउने वा गाडने चलन छ । कतिपय हिमाली भेगमा मृतकलाई गिद्धलाई खुवाउने चलन पनि छ । मगर समुदायमा लासलाई जलाउने र गाड्ने दुबै अभ्यासमा छन्। लासलाई घरबाट निकालेर जलाउने वा गाड्ने स्थानसम्म पुऱ्याउन लैङ्गिक भूमिका कस्तो छ भन्ने प्रश्नमा उत्तरदाताहरूको भनाइ थियो :

> लास बोकेर लैजाने काम पुरुषले मात्र गर्दछन । महिलाहरू जाँदैनन। विशेषगरि महिलाहरू कोमल मन भएकाले बढि अलाप, विलाप गर्ने, रुने भएकाले र एकै पटकमा घाट् पुऱ्याउनु पर्ने हुँदा त्यो जोखिम लिन नसक्ने हुँदा महिलालाई लास बोक्न नदिएको हो । यसै गरी घाटमा पुऱ्याउनका लागि उकालो ओरालो बाटो भएकाले पनि शारिरीक रूपमा महिला भन्दा पुरुषले नै बोक्ने चलन रहेको बुढापाकाको भनाइ छ (नयाँगाउँका मगरहरूसँग गरिएको समूह छलफलमा आधारित, मिति २०६२ जेष्ठ ७ गते)।

खासगरी महिलालाई नरम हृदय, कोमलपन जस्ता विम्वहरू प्रयोग गरेर एकैपटक घाटमा जान रोकेको पाइन्छ । त्यस्तै महिलालाई शारीरिक रूपमा कमजोर देखाएर पनि लास बोक्न नदिएको यो व्याख्याबाट थाहा लाग्छ। आफ्ना प्रियजनको अन्तिम विदाई गर्ने घाटसम्म जान नपाएको उत्तरदाताहरूको व्याख्याले बताउँछ।

**जलाउने समयमा**

नजिकैको नदिको किनारमा लगेर नयाँ गाउँका मगररूले लासलाई जलाउने गर्दछन्। घाटमा महिलाहरू जाने चलन छैन । त्यसकारण पुरुषहरूले मात्रै घाटमा विभिन्न प्रकृयाहरू गर्ने गर्दछन् । उत्तरदाताहरूका भनाइअनुसार :

> घाटमा जलाउने समयमा छोरा नभै हुँदैन। पहिला लासलाई नदिको पानीमा खुट्टा चोबेर ल्याउँछन र चित्तामा राख्छन्। अनि छोराहरू लासलाई तिन पटकसम्म घुम्छन । अनि बाटेको धुपमा आगो बालेर पैसा फूलसँगै लासको मुखमा दागबत्ति राखिदिन्छन् । त्यसपछि सबैतिरबाट आगो लगाउने काम हुन्छ । आगोसँग ध्यु, धुप पनि राखिदिने चलन छ (नयाँगाउँका मगरहरूसँग गरिएको समूह छलफलमा आधारित, मिति २०८२ जेष्ठ ७ गते)।

घाटमा महिलाको भूमिका नभएको उत्तरदाताहरूको भनाइले सङ्केत गर्दछ । महिलाहरू घाटसम्म आउन नपाएपछि उनीहरूको भूमिका पनि नहुँने भयो। छोराले नै दागबत्ति दिने चलन सामाजिक निर्मित हो। त्यस्तै घाटबाट फर्किने समयमा महिला र पुरुषको भूमिका के के हुन्छ भन्ने प्रश्नमा नयाँ गाउँका मगरहरूको यसरी व्याख्या गरे :

> घाटमा लास सबै नजल्दासम्म मलामीहरू सबै त्यही बस्ने चलन छ। लास सबै जलिसकेपछि मात्र फर्कने चलन छ। फर्किदा बाटोमा बयरको काँडा, अमलाका हाँगामाथि ढुङ्गा राखी सबैले त्यो ढुँङगामा टेकेर वा नाघेर अगाडि आउँछन। यसो गर्नाले मलामीसँग नराम्रा मसानहरूसँगै नआउन भन्नका लागि यसो गर्दछन । त्यसपछि मलामीहरू घर आउछन तर छोराहरूलाई घर नआउँदै दोबाटोमा केश खौराउने काम गर्दछन र सेतो कपडा लगाइदिन्छन् । घरमा आउदा किरिया बस्नेले लोटामा नदिको पानीमा स–साना ढुङ्गा राखेर अनिवार्य लिएर आउनुपर्छ र किरिया बस्नेले त्यही लोटाको पानी खानु पर्दछ (नयाँगाउँका मगरहरूसँग गरिएको समूह छलफलमा आधारित मिति २०८२ जेष्ठ ७ गते)।

घाटबाट पुरुषहरू मात्रै फर्कने हुनाले महिलाको भूमिका हुने अवस्था रहेन। तर घाटबाट घरमा आइसकेपछि महिलाको भूमिका बारे उत्तरदाताहरूको भनाइअनुसार "घाटबाट घरमा आएपछि चेलिबेटिले मलामीहरूलाई अनिवार्य सुनपानी दिने र छर्किने काम गर्दछन्। यसैगरी अगुल्ठोमा सालको धुप जलाउने र बास्ना लिने गर्दछन भने छोराहरू किरिया बस्ने काम गर्दछन्" । शुद्ध र अशुद्ध भन्ने अवधारणा मगर समुदायमा पनि पाइन्छ। कुनैपनि घरमा मृत्यु भएका त्यसलाई अशुद्ध मान्ने चलन छ। महिलाहरूले मलामीलाई सुनपानी छर्कने, धुप जलाउने भूमिका निभाउछन् । सुनपानी छर्कने काम पुरुषहरूले गर्दैनन्।

**किरिया बस्दा**

नयाँ गाउँका मगर समुदायमा हिन्दु समाजमा जस्तै १२ दिने किरिया बस्ने चलन छ। हिन्दुकरण हुनुभन्दा पहिले कसरी किरिया गर्दथे भन्नेबारे विस्तृत सूचनाको अभाव छ। मैकोटतिरका मगरहरूले भने मृत्यु हुँदाको दिननै चोखिने गर्दछन्। श्रीस (२०६७)ले रोल्पा, रुकुमतिर मृतक पुरुष भए काँचो लुगा (कोरा) र स्त्री भए गुन्यू, लुङ्गीले बेरेर त्यसैमाथि कोरा बेर्ने चलन उल्लेख गरेका छन्। रुकुमतिर बाबुको मृत्यु हुँदा जेठो छोरो र आमाको मृत्युमा कान्छो छोरो तीन दिन किरिया बस्ने चलन छ। किरिया बस्दा महिला र पुरुषको भूमिका बारे प्रश्न गर्दा यस्तो उत्तर थियो :

> सर्वप्रथम दोमासेलाई विचार गरेर १२ दिन वा ११ दिन बस्ने निर्क्योल गर्दछन्। छोरा बाहिरबाट आउने हो भने सोहीअनुसारको सल्लाह गर्दछन्। किरिया बस्दा छोरा अनिवार्य चाहिन्छ। विवाह नभएको छोरी वा घरकी बुहारीहरू ठाडो किरिया बस्छन्। अन्य

> १३ दिने दाजुभाइलाई पनि छाक छोडने अथवा नुन बार्ने गर्दछन। नुन बार्दा ५ देखि ७ दिनसम्ममा नुन छाड्ने गर्दछन। नातिहरूले १ छाक नुन बार्छन भने नातिनिहरूलाई अनिवार्य हुँदैन । यस्ता पक्षहरूमा सामूहिक सरसल्लाह गरिन्छ (नयाँगाउँका मगर हरूसँग गरिएको समूह छलफलमा आधारित, मिति २०८२ जेष्ठ ७ गते)।

किरिया बस्दा छोरा अनिवार्य चाहिने र विवाह नभएका छोरी र बुहारी पनि ठाडो किरिया बस्ने चलन देखिन्छ। ठाडो किरियाको अर्थ महिलाहरूले कोही बच्चा भएका र घरायसी काम गर्नुपर्ने भएकाले ठाडो किरिया बस्ने भन्ने गरेको पाइन्छ। महिलाहरूको घरायसी कामको बोझले यस्तो चलन सुरु गरेको हुनुपर्छ । नातिहरूलाई एक छाक नुन र नातिनिहरूलाई नुन नखाने अनिवार्य नहुने चलन पाइन्छ। महिला र पुरुषको भूमिका सामाजिकीकरण बाल्यकालबाट नै सुरु भएको हुन्छ । नाति र नातिनी बीच फरक सामाजिकीकरण इङ्गित गरेको देखिन्छ । किरियाको अघिल्लो दिन महिला र पुरुषले के के गर्दछन् ? भन्ने प्रश्नको उत्तरमा :

> घाटबाट आएपछि किरिया बस्ने छोराहरूलाई बस्ने स्थानको तय गरिन्छ । स्थान कसैले नछुने र एकान्त खाले रोज्छन । किरिया बस्दा लगाउने सेतो कपडाहरू कुटुम्बले अनिवार्य ल्याइदिनु पर्छ। किरिया गर्ने दिनका अघिल्लो दिन छोरी अनिवार्य चाहिन्छ । छोरीले काँचो केरा काटेर घ्यूमा तारेर किरिया बस्नेहरूलाई अनिवार्य खुवाउँछिन् । त्यो दिन अन्न खादैनन् (नयाँगाउँका मगरहरूसँग गरिएको समूह छलफलमा आधारित, मिति २०८२ जेष्ठ ६ गते) ।

नयाँ गाउँका मगरहरूको मृत्यु संस्कारमा किरियाको अघिल्लो दिन छोरी र कुटुम्बको भूमिका महत्त्वपूर्ण देखिन्छ । उक्त दिन किरियापुत्रीलाई कपडा ल्याइदिने भूमिका पुरुषले र पकाएर खुवाउने काम महिलाको जिम्मा हुने गर्दछ। फरक कार्य भएपनि छोरी कुटुम्वको भूमिका अनिवार्य भएको पाइन्छ।

**किरियाको दिनमा**

मृत्यु संस्कारका अन्तिम दिन महत्त्वपूर्ण हुन्छ। मृत्यु हुँदाको दिनदेखि अशुद्ध भएको मानिन्छ भने अन्तिम दिन शुद्ध हुँने, चोखिने दिन पनि भनिन्छ। यस दिनमा इष्टमित्र, नाता कुटुम्ब सबै जम्मा हुने चलन पनि छ। त्यसकारण यो सामूहिक क्रियाकलापको संस्कार हो। किरियाको अन्तिम रात महिला पुरुषको भूमिका के के हुन्छ भनि प्रश्न गर्दा यस्तो वताउछन् :

> किरिया बस्ने दिनको अन्तिम रात किरिया बसेका मानिसहरूको सुतेको परालको बिछ्यौनीलाई निकालेर जलाउने गर्छन र नयाँ पराल बिछ्याउँछन् । सोही दिन साँझ मरेको मान्छे स्वर्गमा बास होस् भनि चेलीबेटी र कुटुम्बले किरिया बस्नेहरूलाई घरभित्र राखी ढोका बन्द गरिदिन्छन्। अनि ढोका अगाडि सल्लाको धुप बाल्छन । अनि मृत आत्मा स्वर्गमा बास होस् भनि फलाक्छन । फलाकिसके पछि ढोका खोली दिन्छन् (नयाँगाउँका मगरहरूसँग गरिएको समूह छलफलमा आधारित, मिति २०८२ जेष्ठ ६ गते)।

किरिया बस्ने अन्तिम दिनको अघिल्लो रात छोरी कुटुम्बको भूमिका समान भएको पाइन्छ। जस्तै कुटुम्ब र छोरीहरूले किरिया पुत्रीहरूलाई घरभित्र राखेर बाहिर ढोका बन्द गर्ने काम गर्दछन्। बाहिर ढोकामा धुप बाल्ने काम पनि छोरी कुटुम्बले सँगै गर्ने गर्दछन् । यसलाई समान भूमिका भन्न सकिन्छ। नयाँ गाउँका मगरहरूले किरियाको अन्तिम दिनमा महिला र पुरुषको भूमिका बारे यस्तो उत्तर थियो :

> किरिया गर्ने दिन कुटुम्बले विहान किरिया बस्नेलाई नुहाउन खोलामा लैजान्छन् । खोला नजिक एक मुठि चामल, दाल र फुल हातमा राखेर मृत्यु भएको मानिसको नाम लिएर चढाउने गर्दछन । यी पूजा दैनिक रूपमा किरिया बसेको अन्तिम दिनसम्म गर्ने गर्दछन । किरिया बस्नेका लागि चाहिने दाउरा, कसौडी, काठको पन्यु सबै कुटुम्बले तयार गरिदिन्छन्। यसैगरी छोरीहरूले किरिया बस्नेहरूका

लागि चामल घ्यू, फलफुल ल्याइदिन्छन। किरियामा बस्दासम्म छोरीले ल्याइदिएको खानेकुरा मात्र किरिया बस्नेले खाने गर्दछन् । महिलाहरू सबै ठाडो किरिया बस्दछन । महिलाहरू पनि दैनिक नुहाउनु पर्छ। उमेरले सबैभन्दा जेठी महिला वा जल खाएर आएकी (बेइते), आफ्नै जातकी महिलाले एउटै भान्छा हुने गरि भात पकाउछिन र सबै जनाले घ्यूसँग खाने गर्दछन। यसैगरि पुरुषहरूले पनि सबै भन्दा जेठो वा कान्छोले समूहमा खाना बनाउने गर्दछन् । उनीहरू ढलोट वा पित्तलको भाँडोहरू प्रयोग गर्दछन । खाना खानका लागि केराको पात प्रयोग गर्दछन्। सकेको खाना खान्छन् बाकिँ रहेको खाल्डो बनाएर पुर्ने गर्दछन (नयाँगाउँका मगरहरूसँग गरिएको समूह छलफलमा आधारित, मिति २०८२ जेष्ठ ६ गते)।।

पुरुषहरू एकान्तमा किरिया बस्ने चलन पाइन्छ भने महिलाहरू घरको काम गर्नुपर्ने भएकाले ठाडो किरिया बस्ने गरेको बताउछन्। खानपिन प्रक्रियामा पनि फरक देखिन्छ । क्रियापुत्रीहरूलाई छोरीहरूले खानेकुरा ल्याइदिने गर्दछन् भने कुटुम्बले पुरुष क्रियापुत्रीहरूलाई हेरचाह, खानपिनका लागि सामग्रीहरू जुटाई दिएको पाइन्छ । खाना पकाउँदा जेठो र कान्छोको तह पनि छुट्टयाएको पाइन्छ । चाखलाग्दो के छ भने महिलाले पकाएको पुरुषले र पुरुषले पकाएको महिलाले नखाने चलन देखिन्छ।

## छोरी र कुटुम्बको भूमिका

मगर समुदायको संस्कारहरूमा छोरी कुटुम्बको भूमिका महत्त्वपूर्ण हुन्छ। अन्य धर्मको प्रभाव धेरै नपरेका ठाउँहरूमा अझै पनि छोरी कुटुम्बले नै मुख्य भूमिका खेलेको पाइन्छ। किरियापुत्रीहरूलाई शुद्ध पार्ने काम नै छोरीहरूको हुन्छ। नयाँ गाउँका मगरहरूको मृत्यु संस्कारमा छोरी कुटुम्बको भूमिका बारे यसरी भनेका थिए :

चोखिने दिन अन्य दिन जस्तै किरिया बस्ने व्यक्ति नुहाउँछन् । छोरी कुटुम्बले ल्याइदिएको नयाँ कपडा र टोपी किरिया बस्नेले लगाउछन्। घरमा आएपछि छोरीले सुनपानी दिनुपर्ने हुन्छ। सुनपानी खाइसकेपछि किरिया बस्नेले ११ वटा टपरी ११ वटा दुना तयार गरिदिएको टपरीमा अदुवा, माछा, तिल, मृतकको मनपर्ने खानेकुरा राख्छन् र अर्को दुनामा जाँड राखेर मृतकको नाममा दोबाटोमा राखिदिन्छन् र घर फर्कन्छन्। दाजुभाइले आफू सक्दो नगद र जिन्सी सामानहरू छोरी र कुटुम्बलाई दिन्छन् । यसैगरि छोरी र कुटुम्बले आफना दाजुभाइलाई मनपर्ने खाने कुराहरू पकाएर खुवाउछन्। यसलाई उनीहरूले नुन छुने भन्ने गर्दछन (गौमति थापा मगर (६५ वर्ष) सँगको अन्तर्वार्तामा आधारित, मिति २०८२ जेष्ठ ६ गते)।

नयाँ गाउँका मगरहरूमा किरिया बसेकालाई चोखाउने मुख्य भूमिका महिलाहरूको (विशेषगरी विवाहित छोरीहरूको) देखिन्छ। मृत आत्मालाई खानेकुरा भने किरियापुत्रीहरूले नै दिने गर्दछन्। छोरीहरूले सुनपानीने शुद्ध पार्ने गरेको पाइन्छ । किरियापुत्रीहरूले आफ्नो क्षमताअनुसार चोख्याउने छोरी कुटुम्बलाई दानदक्षिणा दिने गरेको पाइन्छ।

महिला र पुरुषको जैविक मृत्यु  एकै भएपनि समाजले निर्मित गरेको प्रक्रिया भने फरक–फरक हुने गर्दछ। अझ हिन्दु समाजमा पुरुषको मृत्यु  भए महिला सति जानेसम्म थियो । तर महिलाको मृत्यु  हुँदा पुरुष सती जान पर्दैनथ्यो । आदिवासी समाजमा भने सति प्रथा अभ्यासमा थिएन। तर पितृसत्ता संरचनाको आधार आदिवासी समाजमा पनि केही अभ्यासहरू पाइन्छ। नयाँ गाउँका मगरहरूलाई महिला र पुरुषको मृत्यु  संस्कार प्रक्रिया बारे यस्तो व्याख्या गरे :

महिला वा पुरुषको मृत्यु हुँदा गरिने किरियाको प्रक्रिया एकै हुन्छ। तर श्रीमान र श्रीमतीको मृत्यु हुँदा भने केही फरक प्रक्रिया अपनाउछन । यदी कुनै श्रीमतीको श्रीमानको मृत्यु भयो भने श्रीमतीले आफनो हातको चुरा, पोते, सिन्दुर सबै श्रीमानको लाससँगै पठाउछन् र किरियाका सबै प्रक्रिया पूरा गर्छिन्। तर कुनै श्रीमानको श्रीमती बितेको छ भने श्रीमानले श्रीमतीको किरिया गर्दैनन् वा बाध्यता हुँदैन्। उनीहरूको छोरा वा छोरा नाता पर्नेले किरिया

गर्दछ। त्यसैगरी समाजले पनि यो प्रक्रिया स्वीकार गर्दछ। यसका बारेमा कुनै ठोस कारण नभएता पनि किरिया नबस्दा अर्कै श्रीमती विवाह गर्न नमिल्ने कुरा बताउछन् (गौमती थापा मगर (६५) सँगको अन्तर्वार्तामा आधारित, मिति २०८२ जेष्ठ ६ गते)।

समाजले श्रीमतीको मृत्यु भएका श्रीमानले किरिया गर्न स्वएच्छिक हुने वा बाध्य नहुने तर श्रीमानको मृत्यु भएका श्रीमती आफ्नो गहना श्रीमानको लाससँगै पठाउने गरेको देखिन्छ । यसले पुरुषलाई अर्को विवाह गर्ने विशेषाधिकार दिएको छ भने महिलालाई स्वतन्त्र छोडेको देखिँदैन। सिन्दुर लगाउने चलन मगरहरूमा छैन तर नयाँ गाउँका मगरहरूले भने सिन्दुर श्रीमानको लाससँगै पठाउने गरेको देखिन्छ।

## मौलिक किरिया संस्कार

मिश्रित समुदायमा संस्कृतिहरू लेनदेन हुन्छन् फलतः मौलिक परम्पराहरूमा फेरवदल आउछ । समुदायको मौलिक परम्परामा पनि समय र स्थानअनुसार आन्तरिक परिवर्तन हुन्छन् । मगर समुदाय हिन्दु पण्डितहरूको सम्पर्कमा आउनुभन्दा पहिले आफ्नै मौलिक प्रकारको संस्कार संस्कृति अभ्यासमा थियो। विस्तारै पण्डितहरूले यजमानी प्रथा सुरु गरे। यस सन्दर्भमा मृत्यु संस्कारमा महिला र पुरुषको भूमिका मगरहरूको मौलिक हो की होइन भन्ने प्रश्न गर्दा उत्तरदाताहरूको भनाइ यस्तो थियो :

> जानकारी भएअनुसार पहिले आफ्नै मगर परम्परामा मृत्यु संस्कार थियो। तर उक्त स्थानमा बाहुनहरू आएपछि हिन्दु संस्कारबाट गर्न थाले। अहिले पनि नजिकको डाँडालाई बाहुन डाँडाको नामले परिचित छ। ६५ घर धुरी रहेको उक्त स्थानमा ४ घर धुरी दलित छन् । बाहुनहरू बसाईसराईका कारण त्यस स्थानमा बसोबास गरेको पाइदैन । अहिले विस्तारै समाज आफ्नो लयमा फर्किंदै गरेको पाउन सकिन्छ । तर पनि हिन्दु संस्कारबाट प्रभावित रहेको देखिन्छ (नयाँ गाउँका मगरहरूसँग गरिएको समूह छलफलमा आधारित, मिति २०८२ जेष्ठ ७ गते)।

बाहुनहरू नजिकै हुँदा यजमानी गर्ने भूमिका हुन्थ्यो । पण्डितको रूपमा बोलाउने चलन थियो जसले हिन्दु परम्पराबाट संस्कार गर्दथे। बाहुनहरू बसाइँसराइ गरेपछि नयाँ गाउँका मगरहरूले आफ्नै तरिकाले मृत्यु संस्कार गर्न थालेको भन्न सकिन्छ। बाहुन पण्डित बोलाउनु हुन्छ की हुँदैन भनि प्रश्न गर्दा, “बाहुन पण्डित बोलाउदैनौ किनकी यहाँ वरिवरि बाहुन भेटिदैन” । पण्डित बोलाउने चलन भन्दा पहिले मगरहरूले मृत्यु संस्कार कोबाट गराउँथे भनी प्रश्न गर्दा :

> बाहुन पण्डित बोलाउनुभन्दा पहिले छोरी र कुटुम्बबाट नै संस्कार गरेको अवशेष अहिले पनि छ। छोरी र कुटुम्बबाट किरिया उम्काउछौँ ।तर कति कुराहरू हिन्दु संस्कारबाट प्रभावित छ । छोरीहरू मलामी जानबाट बन्चित, किरिया बस्न नहुने जस्ता पक्षले अझै पनि जरो गाडेको छ । सिन्दुर, चुरा श्रीमानको लासमा राख्नु पर्ने जस्ता पक्षले हिन्दु संस्कारका अहिले पनि जीवित रहेको छ (सुनिता थापा मगर (६५) सँग गरिएको अन्तर्वार्तामा आधारित, मिति २०८२ जेष्ठ ७ गते)।

बाह्र मगराँतमा पण्डितलाई विस्थापन गरि बौद्ध धर्ममा आधारित वापा (लामा) बोलाउने अभियान पनि चल्यो । यसले मौलिकता खोज्नु भन्दा नयाँ प्रकारको पण्डित खोज्यो अर्थात् “नवपूरोहितवादको प्रवेश” (बराल मगर, सन् २०२४, पृ. २८९–२९४), भयो जो मगरहरूको कहिल्यै अभ्यासमा थिएन । त्यस्तै पण्डित वा वापा बोलाउनु भन्दा पहिलेको मौलिक चलन कस्तो थियो?

> पहिले बापा र पण्डित नहुँदा छोरी भान्जाले चोख्याउने चलन थियो। अहिले पनि त्यही चलन रहेको छ। पहिले ३ दिन ५ दिनमा उम्काउने चलन थियो। महिलाहरू मलामी गएको र किरिया बसेका हामीलाई जानकारी छैन। चोखिँदा जाँड नभै हुँदैन तर माछा, मासु चलाउँदैनौँ। पहिले गवत प्रयोग गर्थे अहिले गवतको साटो सुनपानी चलाउछौँ (मिलन थापा मगर (५०) सँग गरिएको अन्तर्वार्तामा आधारित, मिति २०८२ जेष्ठ ७ गते)।

नयाँ गाउँका मगरहरूले पहिले तीनदेखि पाँच दिनसम्ममा किरिया संस्कार गर्दथे । १३ दिने हिन्दु संस्कारको अनुशरण हो । पण्डित नै नबोलाए पनि हिन्दुकरणको अभ्यास भने निरन्तर छ। मगर समुदायमा मृत्यु संस्कार गर्दा महिलालाई विभेद गरेको अनुभव गर्नुहुन्छ की हुँदैन भनि जिज्ञासा राख्दा यस्तो बयान गरे, "महिला विभेद भएको छ जस्तो लागेता पनि हामीले अहिलेसम्म छोरीले किरिया बसेको हाम्रो गाँउमा छैन । अहिले अन्य गाँउमा छोरीहरू किरिया बसेको रे भन्ने सुनेको छौँ। यहाँ मलामी महिलाहरू जाँदैनन् तर किरिया उम्काउने सबै कार्य महिलाहरूबाट हुन्छ" ।

## विमर्श

मृत्यु संस्कारमा लैङ्गिक भूमिका बारे नयाँ गाउँका मगरहरूको अभ्यास र विश्वका अन्य समुदायबारे गरिएका अध्ययनसँग तुलनात्मक विमर्श गरिएको छ । नयाँ गाउँका मगरहरूले जैविक मृत्यु लगत्तै पुरुषहरूले बाँस काट्ने, खट बनाउने र महिलाहरूले फुलमाला, जाँड रक्सी बनाउने भूमिका जस्तै भारतको खुलखुल गाउँमा पनि फरक लैङ्गिक भूमिका देखिन्छ । जस्तै, अनिता देवी र विनोदिनी देवीका अनुसार, भारतको मनिपुर राज्यको खुलखुल गाउँमा मृत्युपछि परम्परागत रूपमा बाजा बजाउनु पर्ने चलन छ, जसलाई असिपुङ भनिन्छ । यो बाजा बजाउने भूमिका जहिले पनि पुरुषको हुन्छ। महिलाहरूको भूमिका भने मृतकलाई सद्गत गर्ने समपूर्ण सामाग्रीहरू तयार पार्ने भूमिका हुन्छ। जस्तैः सेतो कपडा, सानो स्टिलको भाडा, लालटिन, धान, फुलहरू जुन झाँक्रिले अह्रराउछ । झाँक्रि पनि पुरुष नै हुने गर्दछ । सबै आवश्यक कुराहरूको निर्देशन गर्दछ। यदि महिला मृत भएको खण्डमा मृतकलाई धुने काम र मृतकको आत्मालाई खाना पकाउने काम पनि महिलाले गर्दछन्। पुरुषहरू जन्तुहरू मार्ने र काट्ने भूमिकामा हुन्छन्।

नयाँ गाउँका मगरहरूमा लासलाई घरबाट घाटसम्म लैजाने भूमिका पुरुषहरूको देखिन्छ भने महिलाहरूलाई "शारीरिक कमजोरी", "कोमल हृदय", "अलाप विलाप गर्ने" जस्ता बिम्वहरू प्रयोग गरेर घरमा नै ससमित पारेको देखिन्छ। महिलाको जैविक रूपले प्राप्ति गरेका कोमल पन, भावना, शारीरिक अवस्थालाई देखाएर घाटसम्म जान बञ्चित गरिएको देखिन्छ। तर म्याग्दीतिरका मगरहरूको भने यस्तो बञ्चित छैन। महिलाहरू घाटमा जान पाउछन्। दागबत्ती दिने गर्दछन्। लासलाई बोक्ने काम भने पुरुषको हुन्छ। टोल्वा (सन् २०२२) ले इजिप्टमा महिलाहरूलाई चिहान घरमा प्रवेश गर्न दिइँदैन । अर्थात् मृतकलाई चिहानमा गाडेको हेर्न दिइँदैन भन्ने तर्क गरेका छन्।

नयाँ गाउँमा महिलाहरू (विशेषगरि छोरीहरूले) किरीया बसेकाहरूलाई खानेकुराहरू ल्याइदिने गर्दछन् । अगाना र अरु (सन् २०२५) अनुसार पुरुषहरूले वित्तिय नियन्त्रण, सरसामान तयारीको योजना गर्दछन् र महिलाहरूले आतिथ्यता, खाना पकाउने र सेवा गर्ने भूमिका हुन्छ । टोल्वा (सन् २०२२) अनुसार मृत्यु संस्कारमा महिलाको काम भने कफि बनाउने र पकाउने हुन्छ । घरभित्र खाना पकाउने, खुवाउने र सरसफाई गर्ने दैनिक जीवनको जस्तै महिलाहरूको भूमिका मृत्यु संस्कारमा पनि देखिन्छ।

मगर समुदायमा किरिया पहिलो पटक दागबत्ती दिने, किरिया बस्ने, कपाल खौरने निर्णायक भूमिका पुरुषको हुन्छ। घानाका फाराफुरा र डगाबा जनजातिको मृत्यु संस्कारमा महिलाहरूको भूमिका सहायक र पुरुषको निर्णायक हुन्छ। जस्तैः पुरुषहरूले औपचारिक भूमिका निभाउछन् भने महिलाहरूले विलौना व्यक्त गर्ने, प्रथान गर्ने गर्दछन् (अगाना र अरु, सन् २०२५)। त्यस्तै, टोल्वा (सन् २०२२) अनुसार इजिप्टको मुस्लिम समुदायको मृत्यु संस्कारमा लैङ्गिक आधारमा प्रष्ट रूपमा श्रम विभाजन हुन्छ। संस्कारहरूको अभ्यास पूर्णत पुरुषको कार्य जस्तो हुन्छ । प्रत्येक कुरा पुरुषको नियन्त्रणमा हुन्छ । जस्तै मृतकलाई मस्कसम्म लैजानको लागि मान्छेलाई बोलाउने, यातायात साधन बोलाउन,चिहान घरसम्म लैजाने, र सँगठीत कामहरू पूर्ण रूपमा पुरुषले गरेका हुन्छन्।

श्रीमान बितेको खण्डमा श्रीमती किरिया बस्नु पर्ने र श्रीमती बितेमा श्रीमान बस्नु नपर्ने भूमिका समाजले बनाएको हो। यसलाई लैङ्गिक विभेदको अभ्यास भन्न सकिन्छ। श्रीमानले अर्को श्रीमती लिन पाउने मान्यताले

यस्तो भूमिका निर्धाण गरेको पाइन्छ । खासमा मगर समुदायमा श्रीमान विते पनि श्रीमतीले अर्को विवाह गर्न पाउने स्वतन्त्रता छ। मगर समाजमा विधवा विवाह समाजले सहजै स्वीकार्छ। घाटमा लैजादा महिलाको मृत्यु भएका पुरुषले आफुले लगाएको केही पनि हालिदिनु नपर्ने तर महिलाले चुरा, पोते निकाल्नु पर्ने चलन छ। विवाह नभएका छोरी र बुहारी पनि ठाडो किरिया बस्ने चलन देखिन्छ। लैङ्गिक कोणबाट यो असमान अभ्यास हो। एकै कोखबाट जन्मेका छोरीहरूले पनि किरिया बस्न र गर्न सक्छन्। यी अभ्यासहरू मगरहरूको मौलिक हुन या आयातित छलफलका विषय हो।

पुरुषको भूमिका निर्णायक हुँदाहुँदै पनि मगर समुदायको मृत्यु संस्कारमा महिलाको भूमिका पनि निर्णायक देखिन्छ । मलामिहरूलाई सुनपानीले चोख्याइदिने काम साथै सबैभन्दा महत्त्वपूर्ण भूमिका किरिया बसेकाहरूलाई शुद्धिकरण गर्ने काम छोरीहरूको हुन्छ। उनीहरू विना संस्कारले वैद्यता पाउदैन व्यक्तिको सामाजिक मृत्यु ले पूर्णता पाएको घोषणा हुँदैन। किरिया गर्ने अघिल्लो दिन छोरी कुटुम्वले किरिया बसेकालाई घरभित्र राखेर धुप दिने काम लैङ्गिक हिसाबे समान भूमिका देखिन्छ। विभेदपूर्ण हुँदाहुँदै कतिपय प्रक्रियाहरूमा समान प्रकृतिको लैगिंक अभ्यास मगर समाजमा छ।

## निष्कर्ष

मृत्यु संस्कारमा लैङ्गिक भूमिका बारे बाह्रमगराँत भनिने तनहुँ जिल्ला व्याँस नगरपालिका नयाँ गाउँको एक मगर बस्तिमा अध्ययन गरिएको हो । अरु समुदायको जस्तै मगर समुदायको मृत्यु एक जैविक घटना मात्रै नभइ सामाजिक, सांस्कृतिक, लैङ्गिक, भावनात्मक सामूहिक अभिव्यक्ति हो, जसले फरक पहिचान र सामाजिक एकताको प्रतिबिम्वित गर्छ । नयाँ गाउँका मगरहरूको उल्लेखित लैङ्गिक भूमिका कतिपय आफ्नै मौलिक परम्परा हुन् भने कतिपय अरु धर्म र समुदायको संस्कृति लेनदेन (acculturated) हुन्।

मृत्यु संस्कारमा लैङ्गिक भूमिका समान वा असमान हुनुपर्छ भनेर लेखमा निक्यौंल गरिएको छैन। अवस्था मात्रै चित्रित गरिएको छ। के गर्ने र नगर्ने भन्ने समुदायको स्वनिर्णय हो । तथापि महिलालाई मलामी जान नदिनु, किरिया पुत्री छोरानै हुनुपर्ने, श्रीमानको मृत्यु भएका श्रीमती किरीया बस्ने र श्रीमती किरिया श्रीमान बस्नु नपर्ने, महिला ठाडो किरिया बस्ने जस्ता सामाज निर्मित अभ्यासहरू समय सन्दर्भमा न्यायपूर्ण देखिँदैनन् । नेपाल वा विश्वको अन्य थुप्रै समुदायको जस्तै मगर समुदायको पनि मृत्यु संस्कारमा लैङ्गिक भूमिका विभेद्पूर्ण पक्कै छ । पुरुषको भूमिकालाई माथि पारिएको छ। यद्यपी किरिया बसेकालाई छोरी नभै शुद्धिकरण नहुँने हुनाले केही हद्सम्म महिलाको भूमिका पनि निर्णायक छ। छोरीले शुद्धिकरण नगरे मृत्यु संस्कारले सामाजिक वैधता पाउँदैन । लैङ्गिक भूमिका स्थायी हुँदैनन्, तर कति न्यायपूर्ण हुन्छन् भन्ने सवाल उठिरहन्छन्।

तनहुँका मगर समुदायको मृत्यु संस्कार मिश्रित प्रकारको छ र लैगिक भूमिका पनि सोहीअनुसार निभाएका पाइन्छ। प्रकृति पूजक, हिन्दु, बौद्ध, क्रिश्चियन दर्शनमा सोही आस्थाअनुसार संस्कार गर्दै आएका छन् । मगर समुदायले छोरी कुटुम्बको भूमिकालाई निरन्तरता दिए त्यसले मौलिक मृत्यु संस्कार टेवा दिनसक्छ। मृत्यु संस्कारमा मात्र नभइ अन्य संस्कारमा पनि छोरी कुटुम्बको भूमिका बारे तीन भाषिक (ढुट, खाम र काइके) मगर हरूमा मसिनो अध्ययनको विषय हो, जसले मगरहरूको मौलिक अभ्यासलाई उजागर गरोस्।

## सन्दर्भ सामग्रीहरू


बराल मगर, केशरजंग. (सन् २०२४). *प्रकृतिवाद भित्रको दर्शन र मगर संस्कारमा नवपूरोहितवादको प्रवेश, २० वर्ष विगतलाई हेर्दा*. मगर संघ अमेरिका।

व्यास नगरपालिका. (२०७५). *नगर पार्श्वचित्र*. व्याँस नगरपालिकाको कार्यालय।

श्रीस, मीन. (२०६७). *मगर जातिको चिनारी*. आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान।

Agana, T. A., Baataar, C. K. M., & Akapule, S. A. (2025). The gendered funeral rites and rituals of the Frafra and Dagaaba ethnic groups in Upper Regions of Ghana. *African Quarterly Social Science Review*, *2*(2), 214–227. https://doi.org/10.51867/AQSSR.2.2.19

Anita Devi, K., & Binodhini Devi, P. (2023). Gender role in mortuary practice of Khulkhul village: An ethnoarchaeological study. *Heritage: Journal of Multidisciplinary Studies in Archaeology*, *11*(1), 886–892.

Bell, C. (1997). *Ritual: Perspectives and dimensions*. Oxford University Press.

Blackstone, A. (2003). Gender roles and society. In J. R. Miller, R. M. Lerner, & L. B. Schiamberg (Eds.), *Human ecology: An encyclopedia of children, families, communities, and environments* (pp. 335–338). ABC-CLIO.

Mastani, R. S. (2022). The concept of gender and related theoretical framework. *Vision International Scientific Journal, 7*(2), 49–64. https://doi.org/10.55843/ivisum2272049m

National Statistics Office. (2021). *National population and housing census 2021: National report on caste/ethnicity, language and religion*. National Statistics Office.

Tolba, H. (2022). Gendering death: A study of oppressive stereotypes underlying Muslim funeral and burial rituals in Egypt. *Rowaq Arabi*, *27*(2), 63–76. https://doi.org/10.53833/FLTW8628